(च) कर्जा प्रवाह गर्न सहयोग र सहजीकरण;
(छ) व्यवसाय विकास परामर्श तथा बजार विस्तार
(ज) उपयुक्त प्रविधिमा पहुँचका लागि सहयोग र सहजीकरण र

## परिच्छेद - ४
## कार्यक्रमको स्थापना , कार्यक्रम संचालन

७. उद्यम विकास कार्यक्रमको स्थापना : (१) नगरपालिकामा यूवा स्वरोजागारको माध्यमवाट आय आर्जन तथा लघु उद्यम, घरेलु तथा साना उद्योग विकास गर्न वार्षिक रुपमा नगरपालिकाले निश्चित रकम विनियोजन गरी कार्यक्रम संचालन गर्ने छ ।

(२) नगरपालिकामा यूवा स्वोरोजागार कार्यक्रम संचालनका लागि देहाय बमोजिमको एक यूवा स्वरोजगार समिति रहनेछ :

| | |
|---|---|
| संयोजकः | नगर प्रमुख, नगरपालिका |
| सदस्य : | नगर उपप्रमुख, नगरपालिका |
| सदस्य : | प्रमुख प्रशासकिय अधिकृत |
| सदस्य : | प्रतिनिधि, १८-४० वर्ष उमेर समुहका कम्तिमा १जना महिला सहित ३ जना नगर प्रमुखले मनोनित -सदस्य |
| सदस्य : | प्रमुख, आर्थिक प्रशासन शाखा |
| सदस्य : | उद्योग वाणिज्य संघको प्रतिनिधि |
| सदस्य | जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयको अधिकृत प्रतिनिधि |
| सदस्य | यूवा ताथ खेलकुद शाखाको प्रमुख वा प्रतिनिधि |
| सदस्य-सचिवः | प्रमुख, उद्योग विकास शाखा वा प्रमुख प्रशासकिय अधिृकतले तोकेको अधिकृत स्तर कर्मचारी |

नोट : समितिको वैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ । समिति सदस्यहरुलाई प्रति वैठक प्रति व्यक्ति एक हजार पाच सय का दरले वैठक भत्ता उपलब्ध गराईने छ ।

८. कोषको स्थापना :-

(२) नगरपालिकाको यूवा स्वारोजागार कार्यक्रम संचालनका लागि नगरपालिकाको संचित कोष अन्तर्गत देहाय वमोजिमका रकमहरु जम्मा गर्ने गरी एक “यूवा स्वारोजगार कोष”स्थापना गर्न पनि सकिने छ । यस कोषमा तपशिल बमोजिमको रकम जम्मा गरिनेछ ।
(क) संघीय सरकार र प्रदेश सरकारबाट लघु उद्यम, घरेलु तथा साना उद्योग र उद्यमशिलता विकाससंग सम्वन्धित कार्यक्रमका लागि प्राप्त रकम,
(ख) विकास साझेदारबाट प्राप्त रकम,
(ग) नगरपालिकाले यूवा स्वारोजागार कार्यक्रम संचालनका लागि विनियोजना गरेको रकम
(घ) यूवा स्वारोजगार लागि सामुदायिक संघ संस्था तथा निजी क्षेत्रबाट प्राप्त रकम,
(ङ) अन्य स्रोतबाट प्राप्त रकमहरु ।
(च) ऋण लगानी फिर्ता रकम

